# गोलबजार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## गोलबजार, सिरहा
### मधेश प्रदेश, नेपाल

**कवाडी कर संकलन गर्ने सम्बन्धी सूचना।**

**प्रथम पटक प्रकाशित मिति २०८२।०२।२९**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६१ बमोजिम यस नगरपालिकाले लिन उठाउने पाउने कवाडी कर संकलन गर्न आ.व. २०८२।०८३ देखि २०८४।०८५ सम्मको लागि ठेक्का बन्दोवस्ती गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुबाट आफ्नो फर्मको नविकरण भएको प्रमाणपत्र, मूल्य अभिबृद्धिकर दर्ता प्रमाणपत्र, आ.व. २०८०।०८१ को कर चुक्ता प्रमाणपत्र र कालो सूचिमा नपरेको स्वःघोषणा पत्रको प्रतिलिपि सहित रितपूर्वक सिलवन्दी बोलपत्र आह्वान गरिएको छ।

| विवरण | न्यूनतम रकम (मुल्य अभिवृद्धि कर बाहेक) | बोलपत्र फारम दस्तुर | धरौटी रकम | खरिद गर्ने अवधि | अवधि |
|---|---|---|---|---|---|
| कवाडी कर | ९,२७,३००।- | १,०००।- | मु.अ.कर समेतको कबोल अंकको ५ प्रतिशत | २०८२।०३।१२ | ३ वर्ष |

**शर्तहरुः**

१. ठेक्का मान्य अवधि २०८५ असारमसान्तसम्म कायम रहनेछ।

२. बोलपत्र फारम प्रथम सूचना प्रकाशित मितिबाट २०८२।०३।१२ गते सम्म कार्यालय समयमा राजस्व शाखाबाट खरिद गर्न सकिनेछ र खरिद भएका बोलपत्रहरु मिति २०८२।०३।१३ गते दिनको १२:०० बजेसम्म यस कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ। दर्ता भई आएका बोलपत्रहरु सोही दिनको (२०८२।०३।१३ गते) २:०० बजे यस कार्यालयमा कार्यालयको प्रतिनिधिहरु र बोलपत्रदाताहरुको रोहवरमा खोलिनेछ। प्रस्ताव खोल्ने समयमा बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थिति नभएमा पनि बोलपत्र खोल्न कुनै वाधा पर्ने छैन। साथै बोलपत्र फारम खरिद एवं दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो दिनको भोलिपल्ट कार्यालय खुलेको दिनलाई क्रमशः बोलपत्र खरिद एवं दर्ता गर्ने अन्तिम दिन मानिने छ।

३. बोलपत्र फाराममा उल्लेखित कबोल अंकको ५% धरौटी रकम यस कार्यालयको ग्लोबल आई एम ई बैंक गोलबजार स्थित खाता नं. ५५०४०१०००००१६ को धरौटी खातामा नगदै जम्मा गरेको बैंक भौचरको सक्कल प्रति वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरको बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन म्याद भएको बैंक ग्यारेन्टी पेश गर्नुपर्नेछ।

४. आफुले कबोल गरेको सम्पुर्ण अङ्क (स्वीकृत) रकम अग्रिमरुपमा बुझाउनु पर्नेछ र यसरी अग्रीम रुपमा सम्झौता गर्दा कै बखत एकमुष्ट बुझाए वापत कार्यालयवाट कबोल अंकको १० (दश) प्रतिशत छुट दिइनेछ। किस्तावन्दी गरेमा छुट हुनेछैन र तिन किस्तामा राजस्व जम्मा गर्नुपर्नेछ। पहिलो किस्ता (कबोल अंकको ४०%) रकम सम्झौता गर्ने समयमा बुझाउनु पर्नेछ, दोस्रो किस्ताको (कबोल अंकको ३०%) रकम २०८३ श्रावण मसान्तसम्मा र तेस्रो किस्ता (कबोल अंकको ३०%) रकम २०८४ श्रावण मसान्तसम्म बझाउनु पर्नेछ। तोकिएको समयमा किस्ता नबुझाए म्याद नाघेको पहिलो सात दिन ५% , पहिलो महिना ७% र त्यस पश्चात मासिक १०% जरिवाना लाग्नेछ। पहिलो किस्ता बाहेक रकम वापत यस कार्यालयको नाममा २०८५ साल असोज महिनासम्मको बैंक ग्यारेण्टी (कार्य सम्पादन जमानत) धितो पेश गरि मात्र सम्झौता गरी पट्टा उठाउन पाउनेछ। म्याद भित्र बैंक ग्यारेण्टी पेश नभएको र सम्झौता नगरेको खण्डमा त्यसपछिको बोलपत्रवालालाई नियमानुसारको प्रकृया अगाडी बढाई दिइनेछ।

५. कवडी करको दररेट यस नगरपालिकाको आर्थिक ऐन अनुसार हुनेछ।

६. यस सम्बन्धी सूचना यस कार्यालयको वेभसाईटः https://golbazarmun.gov.np र नगरपालिकाको आधिकारिक https://www.facebook.com/Golbazarnapa फेसबुक पेजबाट समेत जानकारी लिन सकिनेछ।

७. कुनै कारण जनाई वा नजानई बोलपत्र स्वीकृत अस्वीकृत गर्ने अधिकार गोलबजार नगरपालिकामा सुरक्षित रहनेछ।

८. अन्य थप जानकारीको लागि कार्यालय समयमा राजस्व शाखामा सम्पर्क राख्न सकिनेछ।